## न्याय परिषद सचिवालयको सूचना

(मितिः २०८३।०६।२३)

### विषयः दरखास्त फाराम संकलन सम्बन्धमा।

- यही मिति २०८३।०६।२५ गते घटस्थापनादेखि मिति २०८३।०७।०८ गते कोजाग्रत पूर्णिमासम्म सार्वजनिक बिदा परेकाले उक्त अवधिभर यस न्याय परिषद सचिवालय बन्द रहनेछ।
- न्याय सेवा आयोगको मिति २०८३।०५।३१ मा प्रकाशित सूचनाअनुसार नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको बढुवा सूचना नं. ००१०, ००११, ००१३, ००१४ र ००१५/२०८३-८४ मा बढुवाका लागि दरखास्त दिने ३५ दिनको म्याद मिति २०८३।०७।०३ गते समाप्त हुनेछ।
- त्यस्तै, आयोगको मिति २०८३।०६।०७ मा प्रकाशित सूचनाअनुसार जिल्ला न्यायाधीश पदको आन्तरिक खुला, खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको लागि विज्ञापन नं. ०००१, ०००२ र ०००६/०८३-८४ मा नियमित दस्तुरमा दरखास्त दिने ३० दिनको म्याद मिति २०८३।०७।०५ गते समाप्त हुनेछ।
- उल्लिखित दुवै सूचनाअनुसार दरखास्त दिने अन्तिम मिति सार्वजनिक बिदाको अवधिभित्र परेकाले कार्यालय खुलेको दिन मिति २०८३।०७।०९ गते दुवै सूचनाअनुसारका दरखास्त फाराम सङ्कलन गरिनेछ। न्यूनतम योग्यताको गणनाको लागि सम्बन्धित सूचनामा तोकिए बमोजिमको मिति कायम हुनेछ।
- साथै, जिल्ला न्यायाधीश पदका लागि मिति २०८३।०७।०९ गते दरखास्त बुझाउँदा नियमित दस्तुरमात्र लाग्नेछ र दोब्बर दस्तुर तिरी दरखास्त फाराम बुझाउने अन्तिम मिति २०८३।०७।१२ गतेसम्म रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

२०८३।६।२३

उप-सचिव